प्रस्तावहरु :

१. समिक्षा सम्वन्धमा ।

२. योजना फरफारक सम्वन्धमा ।

३. प्राविधिक कर्मचारीहरुको फिल्ड भत्ता सम्वन्धी कार्यविधि सम्वन्धमा ।

४. कोशेली घर संचालन सम्वन्धी कार्यविधि सम्वन्धमा ।

५. कृषि पकेट क्षेत्रका कार्यक्रम संचालन सम्वन्धमा ।

६. मेला आयोजना सम्वन्धमा ।

७. रोजगार कार्यक्रमको योजना छनौट सम्वन्धमा।

८. प्रशासनीक व्यवस्थापन सम्वन्धमा ।

९. विभिन्न निकाय/मन्त्रालयवाट प्राप्त सुझाव कार्यान्वयन सम्वन्धमा।

१०. सार्वजनिक सेवा प्रवाह सम्वन्धमा।

११. विविध/समसामयिक सम्वन्धमा।

निर्णयहरु :

**निर्णय नं. १.** प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०८२/०८/०१ गतेको कार्यपालिका बैठकमा भएका तपसिलका निर्णयहरुको समीक्षात्मक छलफल गरियो ।

तपसिल

१. आ.व. २०८२/०८३ का लागि विनियोजित योजनाहरुको प्राविधिक लागत अनुमान तयार भई सकेका आयोजना तथा कार्यक्रमको वडा स्तरमै गई योजना सम्झौता सम्पन्न गरियो ।

२. आ.व. २०८२/०८३ को पहिलो चौमासिक कार्यक्रमको सार्वजनिक सुनुवाई निर्धारित मिति, समय र स्थानमा सम्पन्न गरियो।

३. वगनासकाली गाउँपालिका वडा नं.१ घोरवन्दा निवासी सिता कुमाल, कृष्ण कुमारी कुमाल र ज्ञानीसरा कुमाललाई वडा कार्यालयवाट आएको सिफारिस वमोजिम प्राविधिक लागत अनुमान अनुसारको २ हण्डर जस्ता पाता (टिन) उपलब्ध गराइयो ।

४. सवै वडा कार्यालयहरुले वाल भेला गरी संजालको गठन गरी वडास्तरीय वाल संजालको पुनर्गठन गरियो ।

**निर्णय नं. २.** प्रस्ताव नं. २ माथि छलफल गर्दा आ.व.२०८२/०८३ का लागि पालिकाबाट विनियोजित तपसिलका आयोजना तथा कार्यक्रमहरुको कार्य सम्पन्न भएकोमा खर्च अनुमोदन तथा भुक्तानी गर्ने निर्णय गरियो ।

| क सं | योजनाको नाम | वडा नं | विनियोजित रकम रु | प्राविधिक मुल्याङ्कन |
|---|---|---|---|---|
| १ | मागमा आधारित महिला लक्षित कार्यक्रम | ३ नं वडा नायरनम्तलस | ५००००।०० | ५००००।० |
| २ | वडास्तरिय तिज गीत प्रतियोगिता | २ नं वडा | ५००००।०० | ५००००।० |

| | | | | |
|---|---|---|---|---|
| | | पोखराथोक | | |
| ३ | दर्लमडाडाँ मा वि मर्मत सुधार | ५ नं वडा दर्लम डाडाँ | ३०००००।० | ३०५९१३।३४ |
| ४ | हरितालिका तिज २०८२ शुभकामना कार्यक्रम | ६ यम्घा | ९४०००।० | ९४०००।० |
| ५ | शिक्षक विधार्थीहरुका लागि हस्तलेखन तालिम | ६ यम्घा | २९०००।० | २९०००।० |
| ६ | सिरुङ्गा गोरेटो बाटो ढलान | ९ चापपानी | ५००००।० | ५३३०३।०६ |
| ७ | बाहुन पिपल आफर डाडाँ नयाँ ट्याक निर्माण | ३ नं वडा नायरनम्तलस | २०००००।० | २१५०७१।४६ |
| ८ | तिन छाँङ्गा नयाँ  ट्याक निर्माण | ४ खानीछाप | २०००००।० | २१२१९३।५५ |
| ९ | खानीगाँउ मा वि मरेमत रंगरोगन | ७ खानीगाँउ | ७५०००।० | ९००६१।८१ |
| १० | मोटरबाटो सोरसार | ३ नं वडा नायरनम्तलस | ३०००००।० | ३२०८३०।५६ |

निर्णय नं. ३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा प्राविधिक कर्मचारीहरुको फिल्ड भत्ता सम्वन्धी कार्यविधि २०८२ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा कोशेली घर संचालन सम्वन्धी कार्यविधि २०८२ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा प्रधानमन्त्री कृषि, आधुनिकीकरण परियोजना अन्तर्गत सुन्तलाजात पकेट निरन्तरता कार्यक्रम संचालन गर्न गठित समितिको प्रतिदनको सम्बन्धमा जानकारी भयो सो सम्बन्धमा दुई वटा संस्थामध्ये भएरस्थान कृषक समूह, वडा नं. ६ र चण्डीदेवी महिला जागृति बहुउद्देश्यीय सहकारी संस्था, वडा नं. ७ दुवैलाई ५०/५० प्रतिशत अनुदानका दरले ३/३ लाख प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा बगनासकाली गाउँपालिका वडा नं. १ चिलाङ्दी भन्ज्याङ्गमा मेला आयोजना गर्न राजस्व परामर्श समितिलाई मेला संचालन प्रक्रिया तथा राजश्व रकम उल्लेख गरी कार्यपालिकामा सिफारिस गर्न अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमको कार्यान्वयन गर्दा नेपाल सरकारले निर्धारण गरेको दैनिक ज्याला रू. ७५४/- प्रदान गर्ने गरी चालू आ.व. ०८२/८३ को लागि emis प्रणालीमा आवद्ध बेरोजगार व्यक्तिहरुको सूचीबाट २९१ जना मध्ये २५ जनालाई प्राप्त बजेटबाट कार्यविधि प्राप्त भए पश्चात वडागत संख्या निर्धारण गरी रोजगार कार्यक्रम संचालन गर्ने

साथै प्राप्त विनियोजित बजेट अनुसार कामदारहरुको लागि आवश्यक सामग्रीहरु खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८.** प्रस्ताव नं. ८ माथि छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.९५, मिति २०८२/०७/२१ गतेको र च.नं.९६ मिति २०८२/०७/२१ गतेको पत्र साथ प्राप्त अख्तियार दुरुपयोग अनुसन्धानको पत्र एवं मन्त्रालयको च.नं.१३३, मिति २०८२/०७/१२ गतेको निर्णय कार्यान्वयन सम्बन्धि परिपत्र प्राप्त भई छलफल भयो । गाउँपालिकाबाट उक्त प्राप्त सुझाव कार्यान्वयन सम्बन्धमा आगामी हिउँदे गाउँ सभाको अधिवेशनमा निर्णय गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९.** प्रस्ताव नं. ९ माथि छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.१७२, मिति २०८२/०८/०९ गतेको पत्र साथ प्राप्त राष्ट्रिय सतर्कता केन्द्रको प.स.२०८२/०८३, च.नं. अ.१६/६४५, मिति २०८२/०८/०७ को पत्र अनुसार "स्थानीय तहका जनप्रतिनिधि एवं पदाधिकारी तथा कर्मचारीहरुको सुविधाको सम्बन्धमा प्रचलित कानूनको पूर्ण रुपमा पालना गर्न/गराउन तथा स्पष्ट नभएका विषयमा कानूनको परिधिमा रही आवश्यक कार्यविधि एवं मापदण्ड बनाई सो बमोजिम गर्न/गराउन" सम्बन्धी परिपत्र प्राप्त भई छलफल भयो । गाउँपालिकाबाट उक्त प्राप्त सुझाव कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०.** प्रस्ताव नं. १० माथि छलफल गर्दा सार्वजनिक सेवा प्रवाहको अवस्था सरल, सहज तथा नियमित रहेको निर्णय गरियो ।